पारित प्रस्ताव तथा निर्णय :

निर्णय नं १ : प्रस्ताव नं १, नगर कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा छलफल गर्दा यस मेलम्ची नगरकार्यपालिकाको प्रवक्ता यस मेलम्ची नगरपालिकाको उपप्रमुख श्री भगवती नेपाललाई तोक्ने निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं २, उपभोक्ता समिति गठन तथा योजना/कार्यक्रम संचालन सम्बन्धी कार्यविधी, २०७४ का सम्बन्धमा छलफल गर्दा प्राप्त कार्यविधी उपर छलफल गरियो, साथै उक्त कार्यविधी संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं ३, नगर कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरूको प्रोत्साहन भत्ताका सम्बन्धमा छलफल गर्दा प्रचलित कानूनले अर्को व्यवस्था नगरे सम्म नगरपालिकाको आन्तरिक आयबाट व्यहोर्ने गरि देहाय बमोजिमको सेवा सुविधा निर्धारण गरियो ।

Scanned by CamScanner

तपसिल :

कार्यपालिका तर्फ :

- नगरप्रमुख : मासिक रू ३०,०००।-
- उपप्रमुख : मासिक रू २०,०००।-
- वडा अध्यक्ष : मासिक रू १५,०००।-
- का.पा. अन्य सदस्य : रू ५,०००।-

साथै वडा अध्यक्षहरूलाई प्रति महिना १० लिटर इन्धन(पेट्रोल) उपलब्ध गराउनुको साथै वडाको संचालन व्यवस्थापनका लागि रू ३,०००।-, वडा कार्यालयमा अतिथी सत्कारका लागि रू १,०००।- र वडा कार्यालयमा चियापानका लागि रू १,०००।- गरि प्रति महिना रू ५,०००।- उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त खर्चको विल भरपाई नगरपालिका कार्यालयमा पेश गरि नियमानुसार भुक्तानी माग गर्नुपर्ने समेतको निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं ४, नगरप्रमुखको कार्यलाई सहयोग पुऱ्याउन व्यक्तिगत सहयोगी एवं परामर्शदाता नियूक्ती गर्ने सम्बन्धमा छलफल गर्दा मेलम्ची नगरपालिका वडा नं ४ निवासी श्री विनोद खनाललाई मासिक रूपमा रू १५,०००।- (पन्ध्र हजार मात्र) नगरपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरूको कन्टेन्जेन्सीबाट खर्च व्यहोर्ने गरि नियूक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : प्रस्ताव नं ५, भवन निर्माण मापदण्ड, सडक/बाटोको अधिकार क्षेत्र तय गरि मापदण्ड लागु गर्ने सम्बन्धमा नगरपालिकाका इन्जिनियर श्री राजेशकुमार शर्माबाट बैठकमा वडागत रूपमा जानकारी भयो र सो सम्बन्धमा आगामी कार्यपालिका बैठकबाट निर्णय गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ६ : प्रस्ताव नं ६, खोलाखोल्छीको सेटब्याक निर्धारण गरि लागु गर्ने सम्बन्धमा नगरपालिकाका इन्जिनियर श्री जितबहादुर कार्कीबाट बैठकमा यूएनडिपीको सहयोगमा तयार पारिएको खोलाखोल्छीको सेटब्याकको बारेमा जानकारी भयो र सो सम्बन्धमा आगामी कार्यपालिका बैठकबाट निर्णय गरी लागु गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं ७ : प्रस्ताव नं ७, योजना तथा कार्यक्रम प्राथमिकीकरण सम्बन्धमा छलफल गर्दा नगरसभाबाट पारित भएका वडागत योजना तथा कार्यक्रमहरूको चौमासिकगत रूपमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न P1 , P2 र P3 को बर्गीकरणका लागी वडा कार्यालयबाट यस नगरपालिकाको योजना शाखामा प्राथमिकिरण गरि १५ दिन भित्र उपलब्ध गर्न/गराउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : प्रस्ताव नं ८, संघसंस्थाको कार्यक्रम संचालनको अनुमती सम्बन्धमा छलफल गर्दा नगरसभा पश्चात कार्यक्रम स्वीकृतीका लागि पेश भएका संघसंस्थाका कार्यक्रमहरूको सम्बन्धमा स्वीकृत प्रदान गर्ने अधिकार नगरपालिका प्रमुखलाई दिने निर्णय गरियो ।

Scanned by CamScanner